# कर्मचारी आवश्यकता

(प्रकाशित मिति :२०७४ कार्तिक २० गते)

महिलाहरुलाई लघुवित्तको माध्यमबाट उनीहरुको जीवनस्तर माथि उठाउने उद्देश्यले स्याङ्जा जिल्लाको वालिङ न.पा.-८ मा केन्द्रीय कार्यालय रही **स्याङ्जा, पर्वत, कास्की, तनहु, गोरखा, धादिङ, मकवानपुर, नवलपरासी, पाल्पा र रुपन्देही** जिल्लामा कार्यक्षेत्र भई हाल यसै क्षेत्रमा ४१ वटा शाखा कार्यालयहरु सञ्चालनमा आइसकेकोमा थप स्वीकृत ५ जिल्लाहरु **रोल्पा, वाग्लुङ, सुर्खेत, सल्यान र डोटी**मा यस **कालिका माईक्रोक्रेडिट डेभलपमेन्ट लिमिटेड**लाई निम्न लिखित पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य उमेद्वारहरुबाट तोकिएको निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता तथा अनुभवका प्रमाणपत्रहरुको प्रतिलिपि सहित यस संस्थाको केन्द्रीय कार्यालय वालिङ न.पा.-८, स्याङ्जा र संस्थाका शाखा कार्यालयहरुमा दरखास्त आव्हान गरिन्छ ।

**विज्ञापन नं.** १/०७४/०७५ **(खुल्ला)**

**पद** : नायव कार्यकारी अधिकृत  **स्तर** : ब्यवस्थापकीय तह

**आवश्यक पद संख्या** : १ जना  **सेवा** : स्थायी

**आवश्यक न्यूनतम योग्यता** : मान्यताप्राप्त विश्वविद्यालयबाट चार्टर्ड एकाउण्टेन्सी वा व्यवस्थापन, बैकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशात्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनशासन वा कानुन विषयमा स्नातक उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थाको अधिकृत तह वा सो भन्दा माथिको पदमा कम्तिमा ५ वर्षको कार्य अनुभव हासिल गरेको । लघुबित्त क्षेत्रमा काम गरेका उमेद्वारलाई प्राथमिकता दिईने छ । उमेद्वारले आ.व. २०७३/०७४ लाई आधार मानि लघुबित्त सम्बन्धी पाँच वर्षको व्यवसायिक योजना पेश गर्नुपर्नेछ । तलब सुविधा संस्थाको नियम अनुसार हुनेछ ।

**परिक्षाको किसिम** : अन्तरवार्ता

**उमेर** : दरखास्त दिने अन्तिम दिनसम्म २१ बर्ष पुरा भई ५० बर्ष ननाघेको ।
तोकिएको म्यादभित्र प्राप्त दरखास्तहरु छानविन गरी छोटो सूची (Short List) प्रकाशित गरिनेछ । सो सूचीमा समावेश भएका उम्मेद्वारहरुको अर्न्तवार्ता सम्बन्धी कार्यक्रम सोही मितिमा प्रकाशित गरिने छ ।

**दरखास्त दिने अन्तिम मिति** : २०७४/०८/०४ गते कार्यालय समय भित्र ।

**विज्ञापन नं.** २/०७४/०७५ **(खुल्ला)**

**पद** : जुनियर सहायक (फिल्ड)  **स्तर** : सहायक  **आवश्यक पद संख्या** : केही

**सेवा** : ६ महिनाको तालिम सहित नियुक्ति गरी आवश्यकता अनुसार स्थायी गर्न सकिने ।

**शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण भएको । लघुबित्त क्षेत्रमा काम गरेका उमेदवारलाई प्राथमिकता दिईने छ । तलब सुविधा संस्थाको नियम अनुसार हुनेछ ।

**उमेर** : दरखास्त दिने अन्तिम दिनसम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

**परिक्षाको किसिम** : लिखित र अन्तरवार्ता

**दरखास्त दिने अन्तिम मिति** : २०७४/०८/१९ गते कार्यालय समय भित्र ।

**थप जानकारी :**

१. विज्ञापन नं. २/०७४/०७५ का लागि दरखास्त फारम बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरुबाट रु. १००|- भुक्तान गरी प्राप्त गर्न सकिनेछ । दरखास्त फारम बुझाउँदा परिक्षा दस्तुर वापत रु. ५००|- कार्यालयमा नगद जम्मा गरेको रसिद वा भौचर संलग्न हुनुपर्नेछ ।
२. माथि उल्लेखित दुबै पदहरुको लागि कम्प्युटर सञ्चालन सम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्नेछ ।
३. महिला उमेद्वारको हकमा माथिल्लो उमेरको हदमा पाँच वर्ष थप हुनेछ ।
४. नेपाल बाहिरका शिक्षण संस्थाबाट प्राप्त शैक्षिक प्रमाणपत्रहरु भए समकक्षता निर्धारणको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
५. तोकिएको मिति भन्दा पछि प्राप्त भएका वा रित नपुगेका निबेदनहरु स्वतः रद्द हुनेछन् । कुनै पनि उमेद्वारको अन्तिम छनौट गर्ने अधिकार यस संस्थामा निहीत रहनेछ ।
६. लिखित परिक्षा सम्बन्धी जानकारी पछि प्रकाशित गरिनेछ ।
७. पाठ्यक्रम तथा अन्य थप जानकारीका लागि संस्थाको **Website: www.kalikabank.com.np** मा हेर्न सकिनेछ ।

**पदपूर्ति समिति**

**कालिका माईक्रोक्रेडिट डेभलपमेन्ट बैंक लिमिटेड**

**Kalika Microcredit Development Bank Limited**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय** : वालिङ-३, स्याङ्जा, फोन : ०६३-४४०५५५ **ईमेल** : info@kalikabank.com.np